# बुढीगण्डकीजलविद्युत कम्पनी लिमिटेड

BUDHIGANDAKI JALBIDHYUT COMPANY LIMITED

नयाँ बानेश्वर,काठमाडौं

प.सं: ०८१/८२

च.नं:

info@bgjcl.com


## आर्थिक वर्ष २०८१।८२ को लागि मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०५।१८

यस कम्पनीका लागि आ.ब.२०८१।८२ मा आवश्यक पर्ने देहाय बमोजिमका सामाग्री आपूर्ति, निर्माण कार्य तथा परामर्श सेवाहरु उपलब्ध गराउने प्रयोजनार्थ सार्बजनिक खरिद ऐन,२०६३ को दफा ६.क तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची ( Standing List) दर्ताको लागि ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुवाट सोहि नियमावलीको अनुसूची -२.क बमोजिमको ढाँचामा यस कम्पनीमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ । आफुले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टाछट्टै निवेदन दर्ता गराउनु पर्नेछ । रित नपुगि आएका निबेदनलाई मान्यता दिइने छैन । प्राप्त हुन आएका दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ ।

**क) मालसामान खरिद आपूर्ति तर्फः**

१. मसलन्द तथा कार्यालय सामाग्रीहरु ।
२. छपाई सम्बन्धी कार्यहरु ।
३. फर्निचर तथा फर्निसिङ्ग (काठ वा स्टिल )
४. ईलेक्ट्रोनिक उपकरणहरु (कम्प्युटर,ल्यापटप, प्रिन्टर,फोटोकपी,फ्याक्स,युपियस,टोनर लगायत अन्य खरिद )
५. विज्ञापन प्रकाशन प्रसारण तथा प्रचार प्रसार ।
६. विद्युतिय सामानहरु ।
७. कुरियर सेवा ।
८. सवारी साधन भाडामा लिने कार्यहरु ।
९. पिउने पानी लगायत उल्लेख नभएका अन्य मालसामान खरिद तथा आपूर्ति।

**(ख) मर्मत संम्भार तथा निर्माण तर्फः**

१. कुनै पनि भौतिक संरचना निर्माण वा जडान गर्ने, पुनः निर्माण गर्ने, पुनर्स्थापना गर्ने, कार्य सँग सम्बन्धित निर्माण स्थल तयार पार्ने, उपकरण जडान जस्ता विभिन्न प्रकृतीका निर्माण कार्यहरु ।
२. सवारी तर्फ ( गाडी, मोटरसाईकल र स्कुटर)
३. ईलेक्ट्रोनिक उपकरणहरु तर्फः (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, फ्याक्स, युपियस, टोनर लगायत अन्य )
४. विद्युतिय सामानहरु (वायरिङ, तार,पंखा, हिटर, सोलार आदि ।
५. सार्वजनिक सम्पती निर्माण तथा मर्मत संम्भार ।
६. दराज,कुर्सि,टेवल एवं फर्निचर सम्बन्धी सामानहरु ।

**(ग) परामर्श सेवा तर्फः**

१. परामर्श सेवा (अध्ययन, सर्वेक्षण,अनुसुन्धान,विश्लेषण, सुझाव )
२. इन्जिनियरिङ्ग कन्सलटेन्सी सेवा, माटो, ढुङ्गा परिक्षण, अध्ययन, निर्माण तथा परामर्शदाताको छनोट, वोलपत्र आब्हान गर्ने तथा अन्य पुँजिगत प्राविधिक परामर्श सेवा ।
३. सफ्टवेयरको विकास प्रविधि, लेखा, बैंकिंग, कम्प्युटर, कानूनी आदि विषयका विज्ञबाट प्रदान गरिने सेवा खरिद वा कुनै प्राविधिक वा प्रशासनिक वा कानूनी आदि सुझाव दिने वा यस्ता प्रकृतीका अन्य बौद्धिक वा पेशागत सेवाहरु सम्बन्धी कार्य ।
४. इन्जिनियरिङ्ग तथा व्यवस्थापन सम्बन्धी तालिम, परामर्श, सर्भे डिजाइन सम्बन्धी कार्यहरु।
५. सिपमुलक तालिम सम्बन्धी कार्यहरु ।
६. पानी तथा थिग्रेनी मापनका कार्यहरु ।
७. आयोजनाको विस्तृत इन्जिनियरिङ्ग,अध्ययन, प्रतिवेदन, पुनः तयार गरी आवश्यक कागजात तयार गर्ने ।

८. पुरक वातावरणीय प्रभाव मूल्यांकन अध्ययन लगायतका कार्यहरु ।
९. आयोजनाका लागि बित्तीय व्यवस्थापन सम्बन्धी आवश्यक कागजात तयार गर्ने ।
१०. पुर्नवास तथा पुनर्स्थापना योजना तयार गर्ने लगायत अन्य परामर्श कार्यहरु ।

**निबेदन साथ पेश गर्नुपर्ने कागजातहरु तथा पेश गर्ने प्रकृया:**

उल्लिखित विषयहरु मध्ये आफु सूचीकृत हुन चाहेको विषय र तपसिल बमोजिमका कागजात सहित कम्पनीको कार्यालय नयाँबानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र बुझाउन वा कम्पनीको इमेलः- info@bgjcl.com मा आवश्यक कागजात PDF Format मा पठाउन सकिने छ ।

**तपसिल**

१. संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको छाँयाप्रति ।
२. स्थायी लेखा नम्बर प्रमाणपतत्रको छाँयाप्रति ।
३. कर चुक्ता प्रमाणपतत्रको छाँयाप्रति ।
४. व्यवसायिक इजाजत पत्रको छाँयाप्रति ।
५. प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाईएको स्वयं घोषणा निवेदन ।

info@bgjcl.com


Date: September 1, 2024

## बिज्ञहरुको सूची ( Roster) मा सूचीकृत हुन निबेदन दिने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८१।०५।१८)

यस कम्पनीद्वारा निर्माण गरिने जलविद्युत आयोजनाको प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय पक्ष लगायत कम्पनीले सम्पादन गर्ने अन्य कार्यहरुको सिलसिलामा अध्ययन, अनुसन्धान, मूल्यांकन एवं विश्लेषण गर्ने कार्यका लागि सम्बन्धित विषयको विज्ञहरुलाई सूचीकृत गरी परामर्श सेवा लिने/खरिद गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६.क तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची ( Standing List) बमोजिम मौजुदा सूचि अद्यावधिक गर्नु पर्ने भएकोले विज्ञहरुको सूची (Roster) तयार गर्ने सन्दर्भमा योग्यता पुगेका ईच्छुक व्यक्तिले निम्नानुसारको विवरण सहित यस कम्पनीमा आईपुग्ने गरी निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

**क) सूचीकृत गरिने विषयः**

**Specialist:** Engineers Hydropower Engineer, Dam Engineer, Powerhouse Engineer, Surveyor, Geotechnical Tunnel Engineer, Hydrologist, Hydraulic Engineer, Highway/ Transportation Engineer, Environmental Engineer, Highway Engineer, Structural Engineer, Electrical Engineer, Transmission Line Engineer, Power System Engineer, Electro- mechanical Engineer, Mechanical Engineer, Hydro Mechanical Engineer, Construction Planner, Civil Engineer, Contract Expert, Architect, IT (Software, Hardware, Network, Communication), Project Management Expert or Equivalent.

**Specialist Non-Engineer:** Geologist, Engineering Geologist, Geo-Physical, Seismologist, Hydrologist, Financial Analyst, Environment Expert, Sociologist, Anthropologist, Zoologist, Botanist, EMP Expert, Resettlement Expert, Legal Expert, Management Expert, Project Management Expert or Equivalent.

**ख) योग्यताः**

१) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सोही विषयमा निरन्तररुपमा हालसम्म कार्यरत रही कम्तीमा ५ (पाँच) बर्षको कार्य अनुभव भएको ।

२) माथि उल्लेखित योग्यता पुगेका नेपाली नागरिक वा गैर आवशीय नेपाली वा नेपालमा कार्य गर्न नेपाल सरकारबाट ईजाजत प्राप्त गरी कार्य गर्न सक्ने बिदेशी नागरिक विज्ञ सूचीमा सूचीकृत हुन सक्ने छन् ।

**ग) संलग्न गरिनु पर्ने कागजातहरुः**

१) व्यक्तिगत विवरण (Bio-data) दस्तखत सहित ।
२) आवश्यक शैक्षिक प्रमाण पत्र ।
३) नेपाली नागरिकताको प्रतिलिपी (गैर आवशीय नेपाली र बिदेशीको हकमा राहदानीको प्रतिलिपी)।
४) स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाणपत्रको छायांप्रति (नेपाली नागरिकको हकमा)।

**घ) निबेदन बुझाउने स्थान र प्रकृयाः**

- उल्लेखित विषयहरु मध्ये आफू सूचीकृत हुन चाहेको विषय निवेदनमा स्पष्टरुपमा खुलाई तोकिए बमोजिमका आवश्यक कागजात सहित सोझै कम्पनीको कार्यालय नयाँबानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र बुझाउन वा कम्पनीको इमेलः- info@bgjcl.com मा आवश्यक कागजात PDF Format मा पठाउन सकिने छ ।
- योग्यता पुगेका व्यक्तिले एक वा सोभन्दा बढी विषयमा समेत निवेदन दिन सक्नेछन् ।

प्राप्त निवेदन उपर अध्ययन गरी विज्ञको सूचीमा समावेश गर्ने वा नगर्ने अन्तिम अधिकार कम्पनीमा सुरक्षित रहने छ। यस सम्बन्धी थप जानकारीको लागि कम्पनीको कार्यालय नयाँबानेश्वर, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न वा कम्पनीको फोन नं .०१०-४१६०८१ वा ईमेलः info@bgjcl.com बाट जानकारी प्राप्त गर्न सकिनेछ ।